नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
काठमाडौं

## नेपाल सरकार सञ्चार तथा सूचना प्रविधि मन्त्रालय र नेपाल विज्ञापन संघ (आन) बीच भएको सहमति-पत्र

नेपाल विज्ञापन संघ (आन) ले माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्रीज्यूसमक्ष पेश गरेको विभिन्न तेह्र बुँदे माग र विज्ञापन बोर्ड अगाडि जारी राखेको धर्नाका सम्बन्धमा मन्त्रालयको ध्यानाकर्षण भई मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदीको संयोजकत्वमा भएको वार्तामा निम्न व्यक्तिहरुको उपस्थितिमा देहाय बमोजिमको सहमति भयो।

मन्त्रालयका तर्फबाट

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव नेत्रप्रसाद सुवेदी
विज्ञापन बोर्डका सदस्य बलराम थापा
सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका उपसचिव (कानून) टंकबहादुर महत

नेपाल विज्ञापन संघ (आन) का तर्फबाट

प्रथम उपाध्यक्ष सुदिप थापा
महासचिव कृष्णप्रसाद घिमिरे
सदस्य कृष्णमुरारी लामिछाने

आमन्त्रित

विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाई
नेपाल विज्ञापन संघ (आन)का अध्यक्ष सोमप्रसाद धिताल
नेपाल विज्ञापन संघ (आन)का निवर्तमान अध्यक्ष रविन्द्रकुमार रिजाल
नेपाल विज्ञापन संघ (आन)का सचिव सन्तोष खड्का

सहमतिका बुँदाहरु

१. विज्ञापनदाता एवं विज्ञापन एजेन्सीहरुले सरकारी विज्ञापन प्रकाशन, प्रसारणको जानकारी बोर्डलाई दिने तथा त्यस्तो विज्ञापनको भुक्तानी कानून बमोजिम बोर्डमार्फत हुने व्यवस्था गर्ने। एजेन्सीले सम्बन्धित विज्ञापनदातालाई कर विजक जारी गर्ने । उक्त व्यवस्था कार्यान्वयनमा समस्या उत्पन्न भए समायानुकूल संशोधन गर्दै जाने।

२. विज्ञापन बोर्डमा नेपाल विज्ञापन संघको संस्थागत प्रतिनिधित्वको लागि आवश्यक व्यवस्था मिलाउन मन्त्रालयलाई सिफारिश गर्ने।

३. विज्ञापन एजेन्सीले सञ्चार माध्यमले निर्धारण गरेको दररेटमा कारोवार गरी सेवा शुल्क प्राप्त गर्नु पर्ने। निर्धारित दररेटमा कारोवार गरे नगरेको सम्बन्धमा बोर्डले अनुगमन तथा नियमन गर्ने । साथै बोर्डले विज्ञापन प्रयोजनका लागि सञ्चार माध्यमको स्तरीकरण गर्ने गराउने ।

Advertising Association of Nepal

नेत्रप्रसाद सुवेदी
सह सचिव

४. स्वास्थ्य, शिक्षा, श्रम, रोजगार, कृषि, बन, पर्यटन, बिमाजस्ता जनतासँग प्रत्यक्ष सरोकार राख्ने विषयको जनचेतनामूलक सामग्री प्रकाशन गर्न तथा विज्ञापन बजारको विकास र विस्तारका लागि विज्ञापनको राष्ट्रिय नीतिमार्फत आवश्यक व्यवस्था मिलाउने र राष्ट्रिय नीतिलाई यथाशीघ्र निष्कर्षमा पुर्‍याई सो बमोजिम ऐन तथा नियमावलीमा समयानुकूल परिवर्तन गर्दै जाने ।

५. विज्ञापन व्यवसायको अनुगमन प्रक्रियामा विज्ञापन व्यावसायिक संघ-संस्थाको संलग्नताका लागि आवश्यक पहल गर्ने ।

६. वाह्य विज्ञापनका क्षेत्रमा देखिएका ठेक्का करलगायतका समस्या समाधानको लागि विज्ञापन (नियमन गर्ने) नियमावली तथा मापदण्डमा व्यवस्था गर्नुको साथै स्थानीय तहसंग समन्वय तथा सहजीकरण गर्ने।

७. डिजिटल सञ्चार माध्यम तथा सामाजिक सञ्जालमा हुने विज्ञापनलाई नियमन गर्न आवश्यक कानूनी व्यवस्था गर्न मन्त्रालयलाई सिफारिश गर्ने।

नेपाल विज्ञापन संघले जारी राखेको आन्दोलनका कार्यक्रम आजैका मितिदेखि स्थगन गर्ने ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका तर्फबाट

............................
सोमप्रसाद धिताल
अध्यक्ष

Advertising
Association of Nepal

............................
नेत्रप्रसाद सुवेदी
सहसचिव

नेत्रप्रसाद सुवेदी
सह सचिव

मिति : २०८० जेठ ३ गते बुधबार

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सिंहदरबार, काठमाडौं